"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षमविराटनगर"

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. :२०७६/०७७

च.नं.:

मिति : २०७६/११/२२

**विषयः सूचना ।**

सबै विद्यालयहरु,

विराटनगर महानगरपालिका ।

विराटनगर महानगरपालिका नगर शिक्षा समितिको मिति २०७६/११/०४ मा तपशील बमोजिमको निर्णय भएकाले सम्बन्धित सबैका लागि जानकारीका लागि अनुरोध छ ।

तपशील

१. शैक्षिक सत्र २०७७ सालदेखि कक्षा ८ को परीक्षा प्रतिकेन्द्र ३०० जनासम्म परीक्षार्थी रहने गरी केन्द्र कायम गरी गर्ने तथा होम सेन्टर कायम नगर्ने ।

२. विद्यालयलबाट स्थानान्तरण भई जाने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र उपलब्ध गराउँदा कक्षा ९ सम्म अधिकतम प्रति विद्यार्थी रु २००।- लिएर उपलब्ध गराउनुपर्ने तथा संस्थागत विद्यालयहरुले विद्यार्थीसँग लिइने शुल्कहरु वर्षिक परीक्षापूर्व नै लिइसकेको हुनुपर्ने । सबै विद्यालयले वार्षिक परीक्षाफल प्रकाशित भएको ७ दिनभित्र विद्यार्थीहरुलाई ग्रेडसिट उपलब्ध गराउनु पर्ने ।

३. कक्षा ८ को ग्रेडसिटमा नाम/थर, जन्ममिति सच्याउन तथा प्रतिलिपी प्राप्त गर्न नगर कोषमा रु २५०।- जम्मा गरी भौचर पेश गर्नुपर्ने ।

४. शैक्षिक सत्र २०७७ सालबाट सबै विद्यालयहरुको कक्षा ५ को वार्षिक उपलब्धी परीक्षा महानगरपालिकाबाट सञ्चालन गरिने ।

११/२२

दुर्गाप्रसाद खतिवडा

नगर शिक्षा अधिकारी

अधिकृत दसौं

बोधार्थ

सूचना प्रविधि शाखा, विराटनगर महानगरपालिका (सूचना प्रवाहका लागि)

प्याक्सन, विराटनगर महानगरपालिका ।

एन प्याक्सन, विराटनगर महानगरपालिका ।